# सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन (पहिलो संशोधन) नियमावली, २०८०

सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन, २०७६ को दफा २० ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन (पहिलो संशोधन) नियमावली, २०८०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल नियमावलीको नियम ७ मा संशोधनः सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७ को उपनियम (२) मा रहेका "नियम ६ बमोजिम सूचीकृत" भन्ने शब्दहरू झिकिएका छन् ।

३. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ को उपनियम (४) मा रहेका "पाँच लाखसम्म" भन्ने शब्दहरूको सट्टा "एक लाख रुपैयाँ दखि पाँच लाख रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

४. मूल नियमावलीको नियम १५ मा संशोधनः मूल नियमावलीको नियम १५ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) सम्बन्धित कार्यालयका कम्तीमा दुईजना प्राविधिक कर्मचारीले उपनियम (१) बमोजिम तयार गरिएको सूची अनुसार आवेदकहरूको स्थलगत अनुगमन गरी अनुसूची-८ बमोजिम अंक प्रदान गरी अनुदानग्राही छनौटका लागि प्राविधिक प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।"

५. मूल नियमावलीको अनुसूचीमा संशोधन: मूल नियमावलीको अनुसूची-९ को खण्ड (ख) को क्र.सं. १३ पछि देहायको क्र.सं. १४ थपिएको छः-

"

| | | | | |
|---|---|---|---|---|
| १४. | एकल महिला लक्षित, विपन्न तथा सीमान्तकृत समुदाय लक्षित, मुक्त कमैया, हलिया लक्षित कार्यक्रम | १०० | १०० | |

"

६. खारेजीः मूल नियमावलीको,-

(१) परिच्छेद-३ खारेज गरिएको छ।

(२) अनुसूची -१ र अनुसूची- २ खारेज गरिएका छन् ।